**प्रेष विज्ञप्ति**

**नेप्स PCI SSC को सल्लाहकार समितिमा चयन भएको सम्बन्धमा।**

Payment Card Industry Security Standards Council (PCI SSC) कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि मापदण्डहरुको अनवरत क्रमविकासलाई व्यवस्थित गर्नको निमित्त स्थापना भएको अन्तराष्ट्रियरुपमा मान्यता प्राप्त संस्था हो। VISA, Mastercard जस्ता अन्तराष्ट्रिय कार्ड नेटवर्कले PCI DSS सर्टिफिकेसन अनिवार्य नै गरेका छन्। कार्ड मार्फत हुने कारोवारको सुरक्षा र तत्सम्बन्धी विकास भैरहने विविध साइबर सुरक्षाका विषयलाई समेटी सुरक्षित कारोवारको वातावरण सिर्जना गर्ने तथा विश्वव्यापी रुपमा नै विभिन्न सरोकारवालाहरुलाई समेटी पर्याप्त डाटा सुरक्षा सम्बन्धि मापदण्डहरुको विकास गरि लागु गर्ने उदेश्य लिएर बनेको संस्थाको सल्लाहकार समितिमा चयन भएकोमा नेप्स गौरवान्तित छ।

सल्लाहकार समितिमा भएका सदस्य सँस्थाहरुले कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि मापदण्डहरुको विकासमा उल्लेख्य भूमिका निर्वाह गर्नुका साथै, आ-आफ्नो बजार, भूगोल र प्राविधिक अनुभवहरु मापदण्डको विकासक्रममा प्रस्तुत गरि मापदण्डहरुलाई समयसापेक्ष बनाउन नेतृत्व पनि गर्छन। सल्लाहकार समितिको सन् २०२३-२०२५ को कार्यकालको २० सिटको लागि ६४ मनोनयन दर्ता भएको र सन् २०२३ मार्च १३ देखि २४ सम्म चुनाव भएको थियो। फलस्वोरूप २०२३ जुन १ मा प्रकाशित नतिजा बाट नेप्स वित्तीय संस्था श्रेणीबाट मनोनित भएको हो। मनोनित भएसँगै, नेप्सले Amazon, Apple, Bank of America, Barclays Bank, European Payment Council, HDFC Bank, IBM, JP Morgan, NPCI, Yes Bank, PayPal, Microsoft जस्ता अन्तराष्ट्रियरुपमा ख्याती प्राप्त संस्थाहरुसँग मापदण्ड निर्धारण तथा कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि अन्य विषयहरुमा छलफल तथा ज्ञान आदान-प्रदान गर्नेछ।

*"यो हाम्रो लागि गौरवको विषय हो र यसले नेप्स नयाँ उचाई तर्फ बढिरहेको पनि संकेत गर्दछ। साथै, PCI SSC को लक्ष्य प्राप्तिको लागि ज्ञान, सीप, र अनुभवको योगदान गर्न नेप्स तयार र आतुर पनि रहेको छ। साथै, हामीले यो अवसरलाई कार्ड मार्फत हुने कारोवारको सुरक्षालाई अझै चुस्त र समय सापेक्ष बनाउन अनि भुक्तानी क्षेत्रमा नविनता र सुरक्षित डिजीटल परिदृश्यको कल्पना साकार पर्ने चुनौतीको रुपमा पनि लियका छौँ।" सन्जिब सुब्बा, प्रमुख कार्यकारी अधिकृत*

यसअघिनै नेप्स नेपालबाट PCI SSC को Associate Participating Organization सदस्यता प्राप्त गर्ने पहिलो संस्था बनेको थियो। अहिले सल्लाहकार समितिमै चयन भएर सिङ्गो नेपाललाई नै कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि मापदण्डहरु निर्धारण गर्ने अन्तराष्टियं समितिमा सम्पूर्ण नेपाललाईनै प्रतिनिधित्वो गर्ने अवसर नेप्सले सिङ्गो राष्ट्रलाईनै प्रदान गरेको छ। यसका साथै, कार्ड मार्फत हुने कारोवारको सुरक्षा नै नेप्सको पहिलो प्राथमिकता पनि रहेको जाहेर गर्दछ। नेप्स ISO 27001:2013 र PCI DSS Version 3.2.1 प्रमाणित संस्था पनि भएको हुँदा PCI SSC सल्लाहकार समितिको सदस्यताले सरोकारवालाहरुको नेप्स प्रतिको विश्वासलाई अझ प्रगाढ बनाउने छ। साथै, यसले नेप्सको कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि व्यवस्थालाई समयनुसार परिमार्जन गरि सुरक्षित कारोवार संचलानको यकिन गर्न टेवा पुग्नेछ, र नेपालमा रहेका अन्य संस्थाहरुलाई पनि उचित मार्गदर्शन प्रदान गर्न कोशेढुंगा सावित हुनेछ।